श्री ५ को सरकार

# भूमिसुधार मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सहकारी प्रशिक्षण केन्द्रको भवन निर्माणको निमित्त वाग्मती अञ्चल, काठमाडौं जिल्ला, भीमसेनगोला गाउँ पञ्चायत वार्ड नं. ६क. को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. २६३, पश्चिम कि.नं. २१०, २११, उत्तर कि.नं. २१२ र दक्षिण भीमसेन-गोला गाउँ पञ्चायत वार्ड नं. ५ को सीमाना यति ४ किल्लाभित्रको मालपोत रू. १।३६ (एक रूपैयाँ छत्तीस पैसा) लाग्ने कि.नं. २६९ को जग्गा ०–८–० (आठ आना) को कित्ता ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।